# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २७ माघ २०७९

# शुक्रवार

# बैठक सङ्ख्या- ७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १७:२१ बजे प्रारम्भ भयो ।

(१७:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

विषय: कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले संवत् २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा

मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध छ ।

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/१०/२३

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई आज संवत् २०७९ माघ २७ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्न अनुमति दिन्छु ।

(१७:२५ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आज संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनको प्रति राष्ट्रिय सभा नियमावली २०७५ को नियम ३७ को उपनियम (१) बमोजिम टेबुल गर्दछु ।

(१७:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय गंगा कुमारी वेलबासेलाई सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(१७:२६ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (२) बमोजिम निम्न लिखित धन्यवादको प्रस्ताव पेस गर्दछु ।

धन्यवादको प्रस्तावः सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सभाको

संयुक्त बैठकलाई आज संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ । धन्यवाद ।

(१७:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय भैरव सुन्दर श्रेष्ठलाई उक्त धन्यवादको प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(१७:२७ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आज संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्न माननीय गंगा कुमारी वेलबासेले राखुभएको धन्यवादको प्रस्तावलाई म समर्थन गर्दछु । धन्यवाद ।

(१७:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई आज संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्न माननीय गंगा कुमारी वेलबासेले राख्नुभएको धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, उक्त धन्यवादको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन २ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल फागुन २ गते मङ्गलवार अपराह्न १:०१ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १७:२९ बजे ।**